# प्रेस विज्ञप्ती

आज मिति २०७५/०२/३० दिनको १२:१० वजे माननीय सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रीज्यूको अध्यक्षतामा प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयका सचिवज्यू, राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोगका सचिवज्यू, विषयगत मन्त्रालयका सचिवज्यूहरू तथा प्रतिनिधिज्यूहरू, जि.स.स. महासङ्घ, नगरपालिका सङ्घ तथा गाउँपालिका महासङ्घ, नेपालका अध्यक्षज्यूहरू तथा प्रतिनिधिहरू, मन्त्रालयका सहसचिवज्यूहरू र सम्वद्ध कर्मचारीहरू, कानूनविद तथा सरोकारवालाहरूको सक्रिय सहभागितामा 'स्थानीय सरकार सञ्चालन ऐन, २०७४' को समसामयिक परिमार्जन/संशोधनका सम्वन्धमा अन्तरक्रिया/छलफल कार्यक्रम सम्पन्न भयो । अन्तरक्रिया कार्यक्रममा 'स्थानीय सरकार सञ्चालन ऐन, २०७४' मा मन्त्रालयले तयार गरेको संशोधनको ढाँचा र विषय वस्तुका सम्वन्धमा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका श्रीमान् सचिव दिनेश कुमार थपलियाबाट प्रस्तुतिकरण भएपश्चात् अन्तरक्रियामा सहभागी विभिन्न मन्त्रालय र आयोगका सचिवज्यूहरू, सहसचिवज्यूहरू तथा प्रतिनिधिज्यूहरू विभागका महानिर्देशकज्यूहरू, सङ्घ महासङ्घका अध्यक्षहरू तथा प्रतिनिधिज्यूहरू र सरोकारवाला संस्थाका प्रतिनिधिहरूले आ-आफ्नो विषयगत क्षेत्रका सम्वन्धमा ऐनमा गरिनु पर्ने परिमार्जनका सम्वन्धमा राय दिनुका साथै अझ गहन छलफल पश्चात् मात्र ऐन संशोधनको प्रक्रिया अगाडि बढाउनुपर्ने कुरामा जोड दिनु भयो । यसै सन्दर्भमा, संविधानविद वरिष्ठ अधिवक्ता चन्द्रकान्त ज्ञवालीले ऐन परिमार्जन गर्दा संविधानको मर्म र भावनालाई ऐनले व्याख्या गर्नु पर्ने राय व्यक्त गर्नु भयो ।

अन्तरक्रिया कार्यक्रमको अध्यक्षता ग्रहण गर्दै बैठकलाई निर्देशन दिने क्रममा माननीय सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्री लालबाबु पण्डितले तीनै तहको निर्वाचन सम्पन्न भई जनप्रतिनिधिहरूले आ-आफ्नो जिम्मेवारी वहन गर्ने आरम्भ भइ सकेको हुँदा राजनैतिक सङ्क्रमण समाप्त भए पनि निजामती कर्मचारीको समायोजनको प्रक्रिया सम्पन्न नभएसम्म प्रशासनिक सङ्क्रमण जारी नै रहेको हुँदा सङ्घीयता कार्यान्वयनमा केही जटिलताहरू देखिएको भएता पनि जनप्रतिनिधिहरू र राष्ट्रसेवक कर्मचारीको संयुक्त प्रयासबाट यस्ता जटिलताहरूलाई सहजिकरण गर्दै लैजाने तथा आगामि आ.व. को सुरूबाटै स्थानीय तह र प्रदेश सरकार अझ बढी संस्थागत र प्रभावकारी हुँदै जाने भएबाट पनि स्थिति सहजता तर्फ उन्मुख रहेको उल्लेख गर्नु हुँदै परिमार्जनको प्रक्रियाबाट ऐनले अझ वढी संविधान प्रदत्त अधिकार र दायित्वलाई व्याख्या गरी Course Correction गर्ने हुँदा सरोकारवाला निकायलाई ऐन परिमार्जनका सम्वन्धमा कुनै राय भए ७ (सात) दिन भित्र मन्त्रालयमा उपलब्ध गराउनु निर्देशन दिनु भयो तथा ऐन परिमार्जन/संशोधनका लागि सबै सरोकारवाला निकायको उचित रायलाई समेटिने प्रतिवद्धता समेत व्यक्त गर्नु भयो ।

सुरेश अधिकारी
सहसचिव एवम् प्रवक्ता
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

चौतारा साँगाचोकगढी नगरपालिका
चौतारा, सिन्धुपाल्चोक
दर्ता नं.: २२६८
मिति: ०७५/२/१